

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ वैशाख १३ गते बिहीबार ❑ 25 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## नेपालमा लगानी गर्न प्रधानमन्त्री दाहालको आग्रह

**रासस**

काठमाडौं, १२ बैशाख

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल र कतारबीच रहिआएको आपसी सम्बन्धलाई थप सुदृढ तुल्याउँदै दुवै देशको हितमा सहयोग आदानप्रदान हुनुपर्ने बताउनुभएको छ।



प्रधानमन्त्री दाहाल र नेपालको राजकीय भ्रमणमा रहनुभएका मित्रराष्ट्र कतारका अमिर (राजा) शेख तामिम विन हमाद अल थानीबीच आज यहाँ भएको 'द्विपक्षीय वार्ता' का क्रममा प्रधानमन्त्रीले नेपालमा कृषि, पर्यटन एवं पूर्वाधारका क्षेत्रमा लगानीका लागि उपयुक्त अवसर रहेको जानकारी गराउनुभयो।
कतारमा कार्यरत नेपालीहरू नेपाल-कतारबीच रहीआएको मैत्रीसम्बन्धलाई अझ सबल बनाउने सूत्र भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आगामी दिनमा यस्ता सम्बन्धलाई अझ मजबुद बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले इजरायल र हमासबीच भएको द्वन्द्वका क्रममा बेपत्ता नेपाली विद्यार्थी विपिन जोशीलाई सुरक्षितरूपमा नेपाल ल्याउन पहल गरिदिन अनुरोध गर्नुभयो।

नेपाल र कतारबीच सदैव सौहार्द सम्बन्ध रहँदै आएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले दुई देशबीच सम्बन्धहरू सौहार्दपूर्ण मित्रता, आपसी सम्मान, विश्वास र सहयोगमा आधारित रहेको बताउनुभयो । "कतार नेपालको विश्वासिलो मित्रका रुपमा रहेको छ", प्रधानमन्त्रीले भन्नुभयो, "हाम्रो सम्बन्ध प्रगाढ र विस्तार हुँदै गएको छ। यो सम्बन्ध केवल सरकारी तहमा मात्र सीमित छैन, जनताको तहमा पनि बिस्तार भएको छ।"

उहाँले दुई देशबीच हुने उच्चस्तरीय भ्रमणले आपसी सम्बन्धलाई अझ प्रगाढ तुल्याउन, सुदृढ गर्न र थप उचाइमा पुऱ्याउन मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो । 'लगानीका लागि नेपाल विश्वकै आकर्षक गन्तव्य' नेपाल लगानीकर्ताका लागि विश्वकै सर्वाधिक आकर्षक ठाउँमध्येको एक भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले कृषि, खानी, ऊर्जा र जलविद्युत्, पूर्वाधार विकास, पर्यटन, सूचना तथा सञ्चार प्रविधि र सेवा तथा सत्कार क्षेत्रहरू वैदेशिक लगानीका लागि उपयुक्त रहेको जानकारी गराउनुभयो।

उहाँले भन्नुभयो, "नेपालमा शुद्ध पिउने पानीको पर्याप्त स्रोत भएकाले विश्व बजारमा बोतलबन्द पिउने पानी वितरण गर्न सकिने प्रचूर सम्भावना छ।" नेपालले लगानीमैत्री वातावरण सुनिश्चित गर्दै लगेको जानकारी दिँदै प्रधानमन्त्री दाहालले छिट्टै नेपालमा हुन लागेको लगानी सम्मेलनमा कतारबाट उच्चस्तरीय प्रतिनिधिमण्डल तथा लगानीकर्ताहरूको टोली नेपाल आउने अपेक्षा रहेको बताउनुभयो । भौगोलिक विविधताका कारण नेपाल अर्गानिक कृषि उत्पादनका लागि उपयुक्त ठाउँ भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यस क्षेत्रमा लगानीका लागि कतारी लगानीकर्तालाई प्रोत्साहित गरिने बताउनुभयो। नेपाल विश्व पर्यटनको आकर्षणको केन्द्र रहँदै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपालको पर्यटन पूर्वाधारको विकासमा गरेको अन्तर्राष्ट्रिय लगानी खेर जाने छैन।"

उहाँले सन् २०१३ को मेमा शेख मोहम्मद बिन अब्दुल्लाह अल थानीले गर्नुभएको सगरमाथाको सफल आरोहणले विश्वमा नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको उल्लेख गर्नुभयो । प्रधानमन्त्री दाहालले कतार पर्यटन प्राधिकरणको बाह्य पर्यटन गन्तव्यको सूचीमा नेपाललाई समावेश गर्न आग्रह गर्नुभयो।

प्रधानमन्त्री दाहालले कतार सरकारलाई लुम्बिनी तथा पोखराबाट समेत उडान सञ्चालन गर्न आग्रह गर्नुभएको छ। द्विपक्षीय वार्ताका क्रममा प्रधानमन्त्री प्रचण्डले काठमाडौँ र दोहाबीच प्रभावकारी एवं पर्याप्त हवाई सेवा भएको उल्लेख गर्दै पोखरा र भैरहवास्थित विमानस्थलबाट पनि दोहामा हवाई सेवा सञ्चालनका लागि आग्रह गर्नुभयो।

"कतार सरकारलाई लुम्बिनी तथा पोखराबाट समेत उडान सञ्चालन गर्ने बारेमा विचार गर्न अनुरोध गर्दछु", प्रधानमन्त्री दाहालले भन्नुभयो । नेपाल र कतारबीच धेरै सम्झौता तथा समझदारीपत्रहरु (एमओयु) सम्पन्न भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले समयको मागसँगै दुवै देशबीच भएका सम्झौता तथा समझदारीहरू परिमार्जन तथा अद्यावधिक गर्दै लैजानुपर्नेमा जोड दिनुभयो।

## डायलाइसिस सेवाको प्रतिक्षामा रहेकाको संख्या शुन्यमा झार्ने लक्ष्य पुरा

**पोखरापत्र संवाददाता**

पोखरा, १२ बैशाख

गण्डकी प्रदेशमा डायलाइसिस सेवाको लागि पर्खाइमा रहेका व्यक्तिहरुको संख्या शुन्यमा झार्ने लक्ष्य पुरा भएको छ।



बुधबार गण्डकी प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा आयोजित कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी समक्ष सो जानकारी गराइएको हो । मन्त्रालयका सचिव डा. विनोद विन्दु शर्माले तथ्यांक प्रस्तुत गर्दै यस बारेमा पष्ट्र पार्नुभएको हो । 'गण्डकी प्रदेशमा सेवा नपाएर प्रतिक्षारत अवस्थामा कोही पनि हुनुहुन्न, डायलाइसिस गर्ने बिरामी जानुभयो भने सेवा पाइन्छ' उहाँले भन्नुभयो । २०७९ साल माघको अध्ययन प्रतिवेदन अनुसार सरकारी १० र निजी ६ वटा गरी जम्मा १६ वटा संस्थाबाट डायलाइसिस सेवा दिने गरिएको थियो।

त्यतिबेला ५ सय ७६ जना बिरामीहरुले डायलाइसिस सेवा लिइरहँदा ३ सय ३ जना डायलाइसिस सेवाको पर्खाइमा रहेका थिए । अधिकारी पहिलोपटक मुख्यमन्त्री हुँदा भएको मन्त्रीपरिषदको निर्णय अनुसार डायलाइसिस सेवा विस्तार गरेर, २५ शैया क्षमताको डायलाइसिस केन्द्र स्थापना, अन्य अस्पतालको क्षमता विस्तार गरेको कारण सेवाको लागि पर्खाइमा रहनेको संख्या शुन्यमा झार्न सफल भएको सचिव डा.शर्माले बताउनुभयो । 'माननीय मुख्यमन्त्रीज्यूकै निर्णयबाट गण्डकी प्रदेशमा डायलाइसिस गर्नुपर्ने प्रतिक्षारत व्यक्तिको संख्या शुन्यमा झार्ने प्रण गरिएको थियो, त्यसमा गण्डकी प्रदेशले विशेष फड्को मारेको छ। जुन राष्ट्रिय रुपमा चर्चाको रुपमा आएको छ' उहाँले भन्नुभयो । डायलाइसिसका लागि हाल प्रदेशमा १ सय ३६ वटा मेसिन सञ्चालनमा रहेका छन्। सचिव डा. शर्माले स्वास्थ्य तर्फको मन्त्रालयले हासिल गरेका उपलब्धी, कार्यगत संरचना, आगामी दिनमा गर्नुपर्ने कार्य लगायतका विषयमा जानकारी गराउनुभयो।

विस्तारित ओपीडी सेवा बेनी अस्पताल म्याग्दी, लमजुङ अस्पताल, पर्वत अस्पताल, मध्यविन्दु अस्पताल, दमौली अस्पताल, स्याङजा अस्पताल र गोरखा अस्पतालमा सञ्चालनमा रहेको डा.शर्माले जानकारी दिनुभयो। जनशक्तिको अभावमा सुचारु हुने नसकेका धौलागिरी अस्पताल, संक्रामक तथा सरुवा रोग अस्पताल कास्की, मातृशिशु मितेरी अस्पताल, मुस्ताङ अस्पताल र मनाङ अस्पतालमा सुचारु गर्ने प्रक्रियामा मन्त्रालय रहेको उहाँले खुलाउनुभयो।

मन्त्रालयगतरुपमा भएका गतिविधिको बारेमा जानकारी लिएपछि मुख्यमन्त्री अधिकारीले कर्मचारीलाई उच्च मनोबलका साथ काम गर्न स्वास्थ्यकर्मीलाई आग्रह गर्नुभयो। स्वास्थ्य क्षेत्रमा काम गर्नेले गर्व गर्नुपर्ने उहाँको भनाई थियो । 'प्राविधिक रुपमा तपाईहरु मुख्य भएकोले उच्च मनोबलका साथ आफ्ना समस्या सेकेन्ड भरमा समाधान गर्ने गरी मन्त्रालयको स्रोत साधनलाई ध्यान दिँदै काम गर्नुहोस्' मुख्यमन्त्री अधिकारीले भन्नुभयो । मुख्यमन्त्री अधिकारीले आफू संघिय सरकारको स्वास्थ्यमन्त्री हुँदा तथा यस अगाडि मुख्यमन्त्री हुँदा सुरु गरेका महत्वपूर्ण कार्यक्रमको बारेमा समेत अवगत गराउनुभयो।

## ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा

**पोखरापत्र संवाददाता**

पोखरा, १२ बैशाख

पोखरा महानगरपालिका-२५ ले 'वडा नागरिक आरोग्य कार्यक्रम' सुरू गरेको छ। ज्येष्ठ नागरिकलाई घरमै आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सो कार्यक्रम सञ्चालन गरिएको हो । हेम्जा स्वास्थ्य चौकीका प्रमुख कुश्मराज सुवेदीका अनुसार ज्येष्ठ नागरिकसँगै अन्य दीर्घ रोगी, अशक्त र विपन्न परिवारका सदस्यलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरिएको हो। "विशेष गरी नसर्ने रोगबाट प्रभावित ज्येष्ठ नागरिकलाई घरमै पुगेर स्वास्थ्य परीक्षण गर्ने, औषधि नियमित गरेनगरेको अनुगमन गरिन्छ", प्रमुख सुवेदीले भन्नुभयो, "सरकारले सूचीकृत गरेका औषधि निःशुल्क वितरण गर्छौं।" उहाँले समुदायस्तरमा स्वास्थ्य सचेतना र प्रवर्द्धनका कार्यक्रम पनि सँगसँगै सञ्चालन गरिने बताउनुभयो । उच्च रक्तचाप, मधुमेहलगायत नसर्ने रोगबाट प्रभावित ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा प्रदान गरिने उहाँले बताउनुभयो। अस्पताल जानुपर्ने अवस्था भए सोही अनुसारका सल्लाह दिइने उहाँले जानकारी दिनुभयो।

वडा कार्यालयको आर्थिक सहयोगमा उक्त कार्यक्रम कार्यान्वयन भएको हो । वडाध्यक्ष मोती तिम्सिनाले महानगरकै नमूना कार्यक्रमका रूपमा 'वडा नागरिक आरोग्य कार्यक्रम' सञ्चालन गरिएको बताउनुभयो।

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

**डढेलोबाट बचौं र बचाऔं ।**

◆ सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,

◆ जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,

◆ सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,

◆ जन, धन र वनको संरक्षण गरौं,

*सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## सवारी दुर्घटनामा परी पोखरामा युवतीको ज्यान गयो

**पोखरापत्र संवाददाता**

पोखरा, १२ बैशाख

पोखरामा सवारी दुर्घटनामा परी एक युवतीको ज्यान गएको छ।

पोखरा १४ चाउथे स्थित पोखरा अन्तराष्ट्रिय विमानस्थल गेट अगाडी बसको ठक्करले स्कुटरलाई ठक्कर दिदा स्कुटरमा सवार पोखरा महानगरपालिका वडा नं. १४ खसी बजार बस्ने १९ बर्षकी खुशी प्रधानको उपचारकै क्रममा बुधबार ज्यान गएको कास्की प्रहरीले जनाएको छ।

पोखराबाट काठमाण्डौं तर्फ जादै गरेको बा १ प १३३८ नं. को बस र सोही दिशा तर्फ जादै गरेको ग २४ प ३२९५ नं. को स्कुटर ठक्कर खाँदा स्कुटरमा पछाडी सवार प्रधानको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिम क्षेत्रीय अस्पताल) पठाइएकोमा उपचारकै क्रममा मृत्यु भएको अस्पताल श्रोतले जनाएको छ । स्कुटर चालक पोखरा ७ सिमलचौर निवासी दिपिका गुरुङ घाइते हुनु भएको छ। उहाँको प्रतिष्ठानमा उपचार भई रहेको छ।

बस चालक सिन्धुपाल्चोक चौतारा नगरपालिका वडा नं. १३ बस्ने ३९ बर्षका विष्णु श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएको कास्कीका प्रहरी प्रवक्ता डिएसपी वसन्त कुमार शर्माले बताउनु भयो । उक्त घटनाको बारेमा थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

# लोकतन्त्र प्राप्तीको लागि रेडियोको भुमिका महत्वपूर्ण

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

लोकतन्त्र प्राप्तीको लागि रेडियोको भुमिका महत्वपूर्ण रहेको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् ।

बुधबार रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज पोखराले २३ औं स्थापना दिवसको अवसर पारेर आयोजना गरेको कार्यक्रम 'लोकतन्त्र प्राप्तीको लागि रेडियोको भुमिका' नाम बिशेष कार्यक्रम मार्फत वक्ताहरुले उक्त कुरा बताएका हुन् । कार्यक्रममा गण्डकी प्रदेश सरकारका आर्थिक मामिला मन्त्री हरिबहादुर चुमानले नेपालको सर्न्दभमा रेडियोको भुमिका उच्च रहेको बताए । उनले अहिले सम्मका उपलब्धीहरु लोकतन्त्र र सघिंय गणतन्त्र प्राप्तीमा समेत रेडियोले महत्वपूर्ण भुमिका खेलेको जनाए । गण्डकी प्रदेश सभा सदश्य बिन्दुकुमार थापाले गणतन्त्र स्थापना र संघियता बलियो बनाउन रेडियोले महत्वपूर्ण भुमिका खेलेको उल्लेख गरे । उनले आगामि दिनहरुमा पनि रेडियो अन्नपूर्णले खोजमुलक,समाचार एबूम स्रोताको माग अनुसारका कार्यक्रमहरु सञ्चालन गर्न आग्रह गरे । नेपाली काग्रेका नेता एबूम पुर्व मन्त्री यज्ञबहादुर थापाले नागरिकको पहुँच बढाउनुका साथै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, मानवअधिकार, विधिको शासन र सामाजिक रूपान्तरणका लागि रेडियोले अहम् भूमिका खेलेको बताए । नेकपा एमालेका केन्दीय सदश्य कृष्ण थापाले रेडियो आवज बिहिनको आवाज बन्न सफल होस भन्ने शुभकामाना ब्यक्त गरे । गण्डकी प्रदेश सभा सदश्य बेदबहादुर गुरुङ श्यामले रेडियो अन्नपूर्णले स्थापना काल देखिनै स्रोताको मन जित्दै अगाडि बढेको बताउदै थप प्रगतिको कामना गरे । नेकपा एमाले कास्की जिल्ला अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्रीले लोकतन्त्र,संघिय गणतन्त्र स्थापना गर्न रेडियोले खेलेको भुमिका उच्च रहेको बताए । नेकपा माओवादी कास्की जिल्ला इन्चार्ज राम्जी बराल 'जिवन'ले रेडियोहरुले प्रविधिका माध्यमबाट नेपाली जनताको सूचनाको हक प्रवाहका लागि खेलेको भूमिका महत्वपूर्ण भएको बताए । पोखरा महानगरपालिकाका मेयर धनराज आर्चायले रेडियो अन्नपूर्ण, पोखरा र यो क्षेत्रका लागि सुपरिचित सञ्चार मध्यम रहेको बताउदै रेडियोले स्थापना काल देखिनै बटुलेको चर्चा अहिले सम्म पनि उत्तिकै रहेको भन्दै प्रशंसा ब्यक्त गरे । कार्यक्रममा संस्कृतीकर्मी तिर्थ श्रेष्ठले रेडियाले कलाकर्मी, गितकार उत्पादनमा महत्वपुर्ण भुमिका खेलेको बताए । रेडियोका प्रबन्धक निर्देशक सुनयना पालिखे,रेडियो स्थापना सगैं समाचार,मनोरञ्जन ,सुचना सगैं समाजिक क्षेत्रमा पनि काम गदै आइरहेको बताइन् ।

कार्यक्रकोसहजिकरणरेडियोका स्टेशन म्यानेजर,सञ्जयकुमार मल्ल ,समाचार संयोजक आरजु बिष्ट सल्यानी,कार्यक्रम प्रस्तोता राजाराम पौडेले गरेका थिए । २०५८ साल बैशाख १२ गते स्थापना भएको रेडियो २३औं बर्ष पुरा गरि बुधबारबाट २४ औं बर्षमा प्रबेश गरेको हो । शान्ति र विकासका लागि संचार नारासहित स्थापना भएको रेडियो अन्नपूर्ण अन्तर्गत पब्लिक एफएम ९९.६ मेगाहेर्ज र अनलाईन अन्नपूर्ण न्यूज पोर्टल भगिनी संस्थाका रुपमा रहेका छन् ।

# पोखरामा शनिबारदेखि एसिया ट्रायथलन कप हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

पोखरामा आउँदो शनिबार देखि एसिया ट्रायथलन कप हुने भएसंगै यहाँका पर्यटन व्यवसायीहरु निकै उत्साहित हुनु भएको छ ।

उक्त खेलले यस क्षेत्रको खेल पर्यटनको प्रबर्द्धनमा टेवा पुग्ने पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । धैरै देशका खेलाडीको साथमा उनका आफन्तहरु पोखरा आउनुले पोखरामा खेल संगै पर्यटन प्रबर्द्धन गर्न महत्वपूर्ण भुमिमा रहेको बताउदै अध्यक्ष श्रेष्ठले उक्त प्रतियोगितालाई सम्पन्न गर्न परिषदले आवश्यक सहयोग गर्न तयार रहेको जनाउनु भयो । पोखरामा हुने सातौं एसिया ट्रायथलन कप प्रतियोगितामा नेपाल सहित १५ देशका ६४ जना खेलाडीहरु सहभागि हुनु हुने भएको छ । आइतबारसम्म दुई दिन पोखराको लेकसाइडमा आयोजना हुने उक्त प्रतियोगिताको अन्तिम तयारी तिव्र पारिएको नेपाल ट्रायथलन संघका उपाध्यक्ष सुमन देवकोटाले बताउनु भयो । उहाँका अनुसार प्रतियोगितामा महिला तर्फ २४ जना र पुरुष तर्फ भने ४० जना खेलाडीहरुले आफ्नो नाम दर्ता गराएका छन्। प्रतियोगितामा नेपालका भने ९ जना खेलाडीहरुले सहभागि हुने भएको उपाध्यक्ष देवकोटाले जनाउनु भयो । उक्त प्रतियोगितालाई सफल पार्न राखेप, गण्डकी प्रदेश सरकार, पोखरा महानगपालिका, पोखरा पर्यटन परिषद, होटल संघ पोखरा नेपाल लगायतको सहयोगमा हुन लागेको हो । प्रतियोगितामा सहभागि खेलाडीहरु पोखरामा आउने क्रम जारी रहेको नेपाल ट्रायथलन संघका अध्यक्ष निलेन्द्रराज श्रेष्ठले बताउनु भयो । उहाँका अनुसार केही खेलाडीहरुले केही दिन देखि पोखराको रुटमा अभ्यास खेल गर्दै हुनुहुन्छ । उक्त खेलले पोखराको खेल पर्यटनको प्रबर्द्धनमा टेवा पुग्ने संघ गण्डकी प्रदेशका अध्यक्ष एवं प्रतियोगिताका संयोजक डिल्लीराज सुवेदी (शिशिर) ले बताउनु भयो । उक्त प्रतियोगिता पोखरामा हुनुले यहाँका खेलकुदकर्मी सहित पर्यटन व्यवसायीहरु निकै उत्साहित भएको उहाँको भनाई थियो । प्रतियोगितामा नेपाल सहित प्लेस्टाइन, उरुग्ये, अस्ट्रेलिया, युनाइटेड अरब इमिरेट्स, अस्ट्रिया, अल्जेरिया, न्यूजिल्याण्ड, लक्जम्वर्ग, जापान, भारत, मरिसस, काजाकास्तान, वंगालादेश, उज्बेकिस्तान लगायतका देशका खेलाडीले सहभागिता जनाउने भएका छन् । गण्डकी प्रदेश ट्रायथलन संघ र कास्की जिल्ला ट्रायथलन संघको व्यवस्थापनमा आयोजना हुने लागेको हो । ७ सय ५० मिटर पौडी पोखराको फेवातालमा हुने भएको छ भने २० किलोमिटर साइकल दौड पोखराको अम्बोट देखि राष्ट्रबैंक चोक, ड्यामसाइड हुदै पार्दी विरौटा हुदै पुनः अम्बोट र ५ किलोमिटर दौड उक्त रुटमा हुने भएको छ । साइकल दौडमा भने उक्त रुटमा ४ पटक राउण्ड लगाउनु पर्ने छ ।

# स्वरोजगार प्रवर्द्धन गर्न युवालाई तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

रोजगारीको खोजीमा युवा जमात विदेशिने क्रम बढिरहेका बेला पोखरा महानगरपालिका १३ नम्बर वडा कार्यालयले युवा लक्ष्यित तालिम सञ्चालन गरेको छ । 'सीप सिकौं, दक्ष बनौं' नाराका साथ वडाले कटाई सिलाई तालिम, ब्युटी पार्लर र लोकसेवा आयोगको अनलाइन तयारी कक्षा निःशुल्क सञ्चालन गरेको वडाध्यक्ष किरण बराललले जानकारी दिनुभयो । बेरोजगार युवालाई सीपमूलक तालिम दिएर स्वरोजगार बनाउने उद्देश्यल तालिम सञ्चालन गरिएको उहाँले बताउनुभयो । तालिममा ४५ जना युवायुवती सहभागी छन् । सिलाई कटाई तालिम तीन महिना, ब्युटी पार्लरसम्बन्धी तालिम एक महिना र लोक सेवा आयोगको तयारी कक्षा दुई महिनासम्म सञ्चालन हुनेछ ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# सहारा एकेडेमीमा १० दिने खेल्छ गण्डकी अभियानमा यू-१४ का ३५ जना वालक सहभागी

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

सहारा क्लब पोखराको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको सहकार्यमा "खेल्छ गण्डकी" मार्फत सहारा एकेडेमीमा संचालन भएको १४ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू-१४) फुटबल आवाशिय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

पोखरा १७ दोविल्लास्थित सूर्य बहादुर केसी स्मृति सहारा एकेडेमीमा आयोजित १० दिने प्रशिक्षण कार्यक्रममा सहभागिहरुलाई बुधबार एक समारोहका बिच सहभागिताको प्रमाण–पत्र वितरण गर्दै समापन गरिएको क्लबका अध्यक्ष केशवराज बराललले बताउनु भयो । कार्यक्रमका प्रमुख अतिथि जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बाँनिया, सहारा क्लबका मानार्थ सदस्यहरु महेश गुरुङ, लोक बहादुर गुरुङ, मुछेत्र गुरुङ र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दिननाथ बराललले सहभागिहरुलाई प्रमाणपत्र वितरण गरेको क्लवका सचिव टंक पौडेलले जनाउनु भयो । उक्त प्रशिक्षणमा ८ देखि १४ वर्ष मुनीका विभिन्न ८ जिल्लाका ३५ जनाको सहभागिता रहेको क्लवका बरिष्ठ उपाध्यक्ष पूर्ण बहादुर गुरुङले बताउनु भयो । उक्त प्रशिक्षणमा एकेडेमी सहित अन्य सहभागि हुनु भएको क्लवले जनाएको छ ।

कार्यक्रममा बोल्दै जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बहादुर बाँनियाले प्रतिभावान खेलाडी उत्पादनमा यस्तो प्रशिक्षणले सहयोग पुग्ने बताउनु भयो । पोखरा रंगशालामा कसले अपनत्व गर्ने त्यसको आधिकारीक जिम्मा नभएको उहाँले गुनासो गर्नु भयो । खेलकुदमा विकृति रहेको उल्लेख गर्दै अध्यक्ष बानियाँले खेलकुदमा व्यत्ति हावी भएको दाबी गर्नु भयो । परिषदका सदस्य एवं मञ्चका पूर्व अध्यक्ष केशव पाठकले तल्लो स्तरबाट खेलाडी उत्पादन गर्न परिषदले खेल्छ गण्डकी अभियान संचालन गरेको बताउनु भयो ।

## बाख्रामा लाग्ने छमासे रोग (Enterotoxaemia)

- **के तपाईको बाख्रामा पेट फुलिने, खुट्टाले पेटमा हिर्काउने, पातलो हल्का रगत मिसीएको दिसा गर्ने, सास फेर्न गाह्रो हुने, मूर्छा पर्ने, दाँत किड्ने जस्ता लक्षणहरु देखिएर मृत्यु हुने गरेको छ ?**
- **यदि यस्ता लक्षणहरु देखिएर मृत्यु भएको छ भने तपाईको बाख्रालाई छमासे रोग/ Enterotoxaemia रोग लागेको हुन सक्छ। सबै उमेर समुहको बाख्रामा लाग्ने भएता पनि यो रोगले पाठापाठीहरुलाई वढी असर गर्छ।**
- **खोप लगाएको माऊवाट जन्मेका पाठापाठीलाई चार महिनाको उमेरमा र खोप नलगाएको माऊवाट जन्मेका पाठापाठीलाई सात दिनको उमेरमा पहिलो पटक यो रोग विरुद्ध खोप लगाऔं । कम्पनिको निर्देशनअनुसार पहिलो पटक खोप लगाएको १५ दिन पछि पुनः बुस्टर खोप लगाउनु पर्दछ। त्यसपछि प्रत्येक वर्ष चैत बैशाखमा यो रोग विरुद्ध खोप लगाऔं।**
- **यो रोगवाट बाख्राहरुलाई बचाउन बाख्राको आहारा अचानक नबदल्ने र एकै चोटी धेरै मात्रामा मकै वा दाना नखुवाउने र अनिवार्य इन्टेरोटोक्सेमिया विरुद्धको खोप लगाउने।**

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना (NLSIP)**
**विकेन्द्रिकृत आयोजना सहयोग ईकाइ**
**कास्की, पोखरा**

## पोखरा वडा नं. ६ मा ५ दिने साबुन,सर्फ,भाडा धुने झोल साबुन सिप तथा आयमुलक तालिम समापन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

पोखरा महानगरपालिका वडा नम्बर ६ को आयोजनामा भएको साबुन, सर्फ, भाडा धुने झोल साबुन सिप तथा आयमुलक ५ दिने ब्यवासयी तालिमहरुको मंगलबार सकिएको छ ।


वडा नं ६ वडा समितिको कार्यालयको सहयोगमा "साबुन, सर्फ, भाडा धुने झोल साबुन सिप तथा आयमुलक" कार्यक्रम जनजाति, अल्पसख्यं, उत्पीडित, मुसलिम, दलित र निम्न आय भएका वेरोजगार तथा गृहणीलाई लक्षित गरेर शिपमुलक तालिम सञ्चालन गरिएको हो । तालिम ८० जना गृहणी महिलाहरुको सहभागिता रहेको तालिममा दुई समुह बनाइ प्रशिक्षण दिइएको थियो । समापन समारोह कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सासंद देवका पहारी त्रिपाठीले तालिम अत्यन्तै उपलव्धीमुलक रहेकाले यसलाई वजारीकरण गर्न सुझाव दिनु भयो । पहारीले तालिमपछि व्यवसाय प्रवर्द्धनमा पनि ध्यान दिनु पर्ने कुरामा जोड दिदै, उहाँले तालिमले बेरोजगारी समस्या न्यूनीकरणमा टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो । तालिममा सहभागीहरुलाई साबुन बनाउने मेशिन प्रदान गर्दै वडा अध्यक्ष बिष्णु वहादुर भट्टराईले साबुन बनाएर आर्थिक उपार्जनको माध्यम बनाउन आह्वान गर्नु भयो । भट्टराईले वडाले महिला तथा युवा लक्षित कार्यक्रमलाई प्राथमिकतामा राखेर कार्ययोजना बनाएको बताउनु भयो । पोखरा महानगर पालिका वडा न ६ का सचिब राम बहादुर खत्रिले सिकाइलाई प्रभावकारी बनाउन अनुरोध गर्नु भएको थियो । खत्रिले तालिमबाट सिकेको ज्ञानबाट लाभ लिन सकेमात्र तालिमको औचित्यता पूरा हुने बताउनु भयो । कार्यक्रमका संयोजक तथा वडा सदस्य शोभा जलारीले तालिममा सीकेको शिपलाई व्यवहारमा उतार्न सल्लाह दिनु भयो । उनले सिकाइलाई प्रभावकारी बनाउन अनुरोध गरेकी थिइन ।

सुचनाका हकका लागि राष्ट्रिय सञ्जाल महानगर संयोजक अनिल थापाले सिकेको ज्ञानलाई ब्यवहारमा उर्तान आग्रह गनुभयो । "प्लान स्टार सानो संसार" काठमाण्डौका प्रशिक्षकलहरुले प्रशिक्षण दिएको तालिममा सहभागि प्रशिक्षार्थीहरु मिना जलारी, चित्रा परियार,लक्ष्मी भुर्तेल अधिकारी र लिला सुनार हरुले आफ्नो सिकाई अनुभव शेयर गर्नु भएको थियो ।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# डढेलोले म्याग्दीमा सात सय हेक्टर वन सखाप

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ बैशाख/रासस

डढेलोले गण्डकी प्रदेशका ११ जिल्लामध्ये सबैभन्दा बढी नोक्सानी म्याग्दी जिल्लामा भएको छ । पैतालिस दिनको अवधिमा जिल्लाको करिब सात सय हेक्टर वन क्षेत्र सखाप भएको डिभिजन वन कार्यालयले जनाएको छ।

फागुन अन्तिम सातादेखि वैशाख दोस्रो सातासम्म म्याग्दीका छ ओटै स्थानीय तहका एक सय ११ वनमा डढेलो लागेको छ । डढेलोले जिल्लाको छ सय ९३ हेक्टर वन क्षेत्र सखाप भएको छ। गण्डकी प्रदेश वन निर्देशनालयले पनि प्रदेशका ११ जिल्ला मध्ये डढेलोका कारण म्याग्दीको वन क्षेत्र बढी नष्ट भएको जनाएको छ।

डढेलोबाट आफूहरू त्रसित भएको वन क्षेत्र आसपासका स्थानीयले बताएका छन् । डढेलोका कारण वन क्षेत्र कालो देखिएको छ भने पशुपक्षी मरेका मालिका गाउँपालिका-६ का टेकबहादुर पुनले बताउनुभयो । जिल्लाको बेनी नगरपालिका लगायत मालिका,मङ्गला,रघुगङ्गा,धवलागिरि र अन्नपूर्ण गाउँपालिकाका विभिन्न वनमा दिनहुँ आगलागी भइरहेको डिभिजन वन कार्यालयका प्रमुख विष्णु अधिकारीले बताउनुभयो।

कतिपय वनमा आगो निभाइएको छभने केही वनमा अझै धुवाँको मुस्लो देखिएको उहाँ बताउनुहुन्छ । दैनिक रुपमा आगोलागीका घटना हुन थालेपछि स्थानीय र सुरक्षाकर्मीलाई अग्नि नियन्त्रण उपकरण वितरण गरेर आगो निभाउन अनुरोध गरिएको उहाँले जानकारी दिनुभयो।

यसैगरी डढेलोबाट जोगिन जङ्गली जनावर गाउँ पसेर स्थानीयलाई दुःख दिइरहेका छन्।

जिल्लाको मालिका र मङ्गला गाउँपालिकाका विभिन्न स्थानमा डढेलो लागेपछि वन्यजन्तु वासस्थान र आहाराको खोजिमा गाउँ पसेका पीडित स्थानीयले बताएका छन् । "खेतबारीमा लगाएको बाली र वँदेल र बाँदरले नष्ट गरे । वन्यजन्तु अब त घर भित्र नै पसेर हैरान पार्न थालेका छन्" मङ्गला गाउँपालिका- ५ का किसान टिकानाथ कर्डेँलले भन्नुभयो । बँदेल, दुम्सी र बाँदर घर भित्र नै छिर्न थालेका उहाँले बताउनुभयो । मालिका गाउँपालिकाको वडा नं ६ उपल्लो दुखु,वडा नं १ निस्कोट र वडा नं २ रुममा पनि वन्यजन्तुका कारण गाउँले पीडित भएका छन् । मालिका गाउँपालिका वडा नं ६ उपल्लो दुखुकी डिलकुमारी रोका खेतबारीको बालीले नपुगेर बाँदर भकारी तथा भान्छामा पुगेका बताउनुभयो । खेतबारीमा बँदेलले दुःख दिएको उहाँले गुनासो गर्नुभयो।

यसैबीच, तम्घासबाट प्राप्त समाचारअनुसारखरबारीमालगइएको आगोले रुरुक्षेत्र गाउँपालिका-५ धोबिघाटस्थित सरोज सारुको दुईतले कच्ची घर जलेको छ । आगोले घरमा भएको

अन्न, लत्ताकपडा, भाँडाकुडा नष्ट भएको छ। यसैगरी, भोजपुर नगरपालिका वडा नम्वर ८, पोखरेका भरत कार्कीको १० कोठाको घरमा मङ्गलबार आगलागी हुँदा रु ४२ लाख बराबरको धनमाल जलेको जिल्ला प्रहरी कार्यालय प्रहरी निरीक्षक विशाल लिम्बूले जानकारी दिनुभयो।

आगलागीबाट नगद चार लाख ५० हजार, १३ तोल सुन, १० तोला चाँदी, एलइडी टिभी दुई थान, मोबाइल द फोन, फर्निचर लगायत घरका सबै सामग्री जलेका उहाँले बताउनुभयो । यसैगरी,राससप्रतिनिधिले तनहुबाट सम्प्रेषण गरेको समाचारअनुसार तनहुँ जिल्लामा चालु आर्थिक वर्षमा एक सय १७ हेक्टर क्षेत्रफलमा डढेलो लागेको छ । डिभिजन वन कार्यालयका अनुसार वैशाख पहिलो सातासम्म २३ वटा सामुदायिक वनमा डढेलो लागेको हो। डढेलो नियन्त्रणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिए पनि डढेलोको क्रम नरोकिएको डिभिजन वन कार्यालयका सूचना अधिकारी राजकुमार श्रेष्ठले जानकारी दिनुभयो। जिल्लाको ८२ हजार ५ सय ४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ । जिल्लाका दश वटा स्थानीय तहमा छ सय १६ सामुदायिक वन, चार सय ८५ कबुलियती वन, ६ धार्मिक वन छन् । व्यास नगरपालिकास्थित साउनेपानी, बन्दीपुरस्थित पुरानकोट, ऋषिङस्थित जलुके कदमपानी, शुक्लागण्डकीस्थित सिमलचौर, देवघाटस्थित सोलीघोप्टे, साँढेबगर, म्याग्देस्थित मडुवा, व्यासस्थित सुन्दर, ठूलो, म्याग्देस्थित सिद्धबतासन सामुदायिक वनमा डढेलो लागेको थियो। म्याग्देस्थित बाङ्गेसाल, जुरेथुम्की, व्यासस्थित सिद्धबराह, द्रुपता, भण्डारीपाखा, मुरलीभञ्ज्याङ, घिरिङस्थित जनकल्याण, भिमादस्थित शिवशक्ति, ऋषिङस्थित गुम्लेक, ज्वालादेवी र बन्दीपुर स्थित पुरानोकोट सामुदायिक वनमा पनि आगलागी भएको थियो । वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम दफा ४९ को खण्ड (घ) अन्तर्गत राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा क्षति भएको बिगो असुल उपर गरी तीनवर्ष कैद वा रु ६० हजारसम्म जरिवाना हुने वा दुवै सजाय हुने प्रावधान छ।

# भानुमा औद्योगिक ग्राम निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
दमौली, १२ बैशाख

तनहुँको भानु नगरपालिकामा औद्योगिक ग्राम निर्माणको प्रक्रिया सुरु भएको छ।

भानु नगरपालिका-३ खहरेमा औद्योगिक ग्राम निर्माणका लागि रु एक करोड बजेट प्राप्त भएसँगै प्रक्रिया प्रारम्भ भएको हो । खहरे बजार नजिकको करिब ५८ रोपनीमा औद्योगिक ग्राम निर्माणका लागि चालु आर्थिक वर्षमा उक्त बजेट प्राप्त भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेलले जानकारी दिनुभयो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले उक्त स्थानमा औद्योगिक ग्राम निर्माणका लागि रु एक करोड रकम विनियोजन गरेको र असार मसान्तसम्म काम सक्न बोलपत्र आह्वान गरिने उहाँले बताउनुभयो । नगरपालिकाले सो स्थानमा औद्योगिक ग्राम निर्माणका लागि रु २४ करोड २८ लाख ८५ हजारको विस्तृत अध्ययन प्रतिवेदन तयार गरेको थियो। औद्योगिक ग्रामका लागि पहुँचमार्ग स्तरोन्नति गर्ने, ग्रामभित्र सडकको ट्र्याक खोल्ने, जग्गा सम्म्याउने र पर्खाल चालु आर्थिक वर्षभित्र निर्माण गरिने नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो। औद्योगिक ग्राममा विशेषगरी स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थ, अर्धप्रशोधित कच्चा पदार्थ वा खेर गएको वस्तु प्रयोग गरी वा प्रशोधन गरी उत्पादन गर्ने उत्पादनमूलक उद्योग सञ्चालन हुनेछ। स्थानीय स्तरमा प्राप्त हुने कोदो, मकै, धान, गहुँ, फापर, दूध, मह, चिया कफी, फलफूल, जडीबुटीलगायत वस्तु प्रयोग गरी वा प्रशोधन गरी उत्पादनमूलक उद्योग स्थापना गर्ने लक्ष्य छ।

# गाउँका सडकमा गुड्दैन मोटर

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ बैशाख

दिन प्रतिदिन गाउँबाट सहर झर्नेको सङ्ख्या बढ्दो छ । घरको आँगनमै विकास पुगे पनि बसाइँसराइ रोकिन सकेको छैन । स्थानीय तह स्थापना हुनुपूर्व बागलुङबाट अधिकांश गाउँमा मोटरबाटो पुगेको थिए । अहिले मोटरबाटो नपुगेको गाउँ छैन। गाउँमा एउटा मात्रै होइन धेरै शाखा सडक खुलेका छन्। तर ती सडकमा गाडी भने चल्दैनन्। धेरैको रोजाइ सहर बजार पर्न थालेपछि गाउँमा बस्नेको सङ्ख्या कम हुँदैछ।

स्थानीय तहले हरेक बस्तीमा मोटर गाडी गुडाउने उद्देश्यले सडक निर्माण गरे पनि पछिल्लो समय धेरै सडक प्रयोगविहीन बन्दै गएका छन् । बागलुङमा सबैभन्दा धेरै बसाइँसराइ गर्ने पालिकामध्ये गलकोट नगरपालिका, काठेखोला गाउँपालिका, जैमिनी नगरपालिका पर्छन्। यी पालिकाका दूर दराजसम्मै सडक पुगेका छन् । पालिकाले जथाभावीरुपमा सडक खन्दा राज्यको करोडौं खर्च भएको छ तर सडकमा गाडी नगुड्दा बालुवामा पानी जस्तै बनेको छ। स्थानीय तहले पहिलो वर्ष अत्यधिक बजेट सडक निर्माणमै लगाएका थिए । अहिले बल्ल अन्य क्षेत्रलाई समेटेर विकास गर्न थालेका छन् । अव्यवस्थित र विनाइञ्जिनियरिङ खनिएका सडकले समयसमयमा समस्यासमेत निम्त्याइरहेका छन् । निसीखोला गाउँपालिका-१ का विरु सुनारले नापचाँज नगरी खनिएका सडकले सिङ्गो गाउँनै पहिरोको जोखिममा परेको बताउनुभयो। गाउँमा सडकको आवश्यकता भए पनि अव्यवस्थित ढङ्गले निर्माण गर्दा यहाँका झण्डै सय घर पहिरोको जोखिममा रहेको उहाँ बताउनुहुन्छ। एउटै गाउँमा चार वटाभन्दा बढी सकड निर्माण भए पनि अहिले एउटा मात्रै सञ्चालनमा रहेको सुनारको भनाइ छ। उक्त सडक पनि वर्षात्को चार महिना पूरै बन्द हुने उहाँले बताउनुभयो।

सुनारले भन्नुभयो, "सुरुमा गाउँमा सडक आउँदा निकै खुसी लागेको थियो, जब गाउँमा सडक आयो त्यसपछि गाउँलेको उठिबास लाग्न थाल्यो, कच्ची जग्गा, वर्षात्को समय ठाउँठाउँमा ठूलो पहिरो गाउँ दर्जनौं घर जोखिममा परेका छन्, कतिपय त पहिरोले बगायो पनि, एउटा गाउँमा एउटा सडक भएहुन्थ्यो, तर धेरै सडक खनिएका छन्, हिउँदको समयमा एउटा सडक त जसोतसो चल्छ तर वर्षात्को समयमा कुनै पनि सडक चल्दैनन्।"

निसीखोलामा मात्रै होइन जिल्लाका १० वटै पालिकाका एउटा गाउँमा धेरै सडक खनिएका छन् । गाउँभरि खनिएका सडकले नागरिकलाई सुविधाको सट्टा समस्या पारिरहेको स्थानीय बलबहादुर पुनले बताउनुभयो । गाउँमा सडक आएपछि बजारबाट दैनिक उपभोग्य सामान ओसारपसार गर्न र टाढा यात्रा गर्न सहज भए पनि वर्षात्को समय ज्यान जोगाउनै मुस्किल हुने उहाँको भनाइ छ। गाउँको मुख्य भागमा छ वटा सडकको नाका रहेको भन्दै उक्त सडकबाट बगेको भलले खेतीयोग्य जमिन र घर नै बगाइदिने जोखिम बढेको पुनले बताउनुभयो । अहिले कुनै पनि सडक सञ्चालनमा नरहेको उहाँको भनाइ छ । जिल्लाको मध्यभागमा पर्ने गलकोट नगरपालिकामा पनि अहिले धेरै सडक प्रयोगविहीन बन्दै गएका छन् । मध्यपहाडी लोकमार्गबाहेक यस पालिकामा चार सय ६० किलोमिटर कच्ची सडक रहेको गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले राससलाई जानकारी दिनुभयो। नगरपालिकाको माथिल्लो भेगबाट मान्छे धेरै बसाइँसराइ गरेर बजार झरेपछि सडक सञ्चालन नभएको उहाँको भनाइ छ।

नगरपालिकाले गाउँमै सबै प्रकारका सेवा सुविधा दिनेगरी काम गरिरहेको भन्दै उक्त सडकलाई कृषि सडकका रुपमा विकास गरिने उहाँ बताउनुहुन्छ। "पहिले गाउँमा मान्छे थिए, उनीहरुको आवश्यकतालाई मध्यनजर गरी सडक निर्माण गरियो तर अहिले गाउँबाट धमाधम मान्छेहरु बजार झरिरहेका छन्, गाउँमै रोक्न प्रयास गरिरहेका छौं", प्रवक्ता भण्डारीले भन्नुभयो, "गाउँमा भएका ती सडकसँग कृषि र पशुपालनलाई जोड्नुपर्छ, कोही व्यवसायीले गाउँमा उद्यम गर्न चाह्यो भने यी सडक व्यापारिक सडकका रुपमा विकास हुन सक्छन्, नगरपालिकाले बसाइँसराइ रोक्न प्रयास पनि गरिरहेको छ।"

# सहारा क्लवले यस बर्ष पनि पोखरा स्पोर्ट्स अवार्डलाई साथ दिने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख




पोखराको प्रतिष्ठित सहारा क्लवले आठौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०८०' लाई यस बर्ष पनि सफल पार्न सहयोग गर्ने भएको छ।

सहारा क्लवबाट उदीयमान खेलाडीको पुरस्कार स्वरूप ५० हजार सहयोग गर्ने गरी बुधबार सम्झौता भएको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले जनाएको छ । पोखरा १७ दोभिल्लामा रहेको सहारा एकेडेमीमा आयोजित उक्त सम्झौता कार्यक्रममा क्लवका अध्यक्ष केशवराज बराल र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल बिच सम्झौता पत्रमा हस्ताक्षर भएको हो । सम्झौता कार्यक्रममा सहारा क्लवका पूर्व अध्यक्ष विरभद्र आचार्य, मञ्चका पूर्व अध्यक्ष केशव पाठक, पूर्व सल्लाहकार शुर्दशन रञ्जित, सदस्य रोहितराज पराजुली, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बानियाँ, क्लवका मानार्थ सदस्य एवं समाजसेवी महेश गुरुङ, लोक गुरुङ, मुक्तेत्र गुरुङ लगायतको सहभागिता रहेको थियो । क्लवले सुरूवात देखि उक्त बिधामा पुरस्कार प्रायोजन गर्दै आएको अध्यक्ष बरालले बताउर्दै सहयोग प्रति धन्यवाद समेत दिनु भएको छ। क्लवका अध्यक्ष बरालले खेलकुद क्षेत्रको लागि ठुलो इभेण्ट भएकोले आफुहरुले विगतका बर्ष देखि सहयोग गर्दै आएको जनाउनु भयो। यसै बिच पोखरा महानगरपालिका वडा नम्बर १५ बाट उक्त पोखरा स्पोर्ट्स अवार्डको लागि २५ हजार सहयोग उपलब्ध गराउने भएको अध्यक्ष तोरण बहादुर बानियाँले बताउनु भयो। जिल्ला खेलकुद विकास समितिका अध्यक्ष समेत रहनु भएको बानियाँले उक्त अवार्ड खेलाडीलाई प्रोत्साहन गर्ने भएकोले यसलाई सबैले सहयोग गर्नु पर्नेमा जोड दिनुभयो। आठौं सस्करणको पोखरा स्पोर्ट्स अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड दिने प्रदान गरिने मञ्चका महासचिव राजाराम पौडेलले बताउनु भयो।

अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग तथा पोखरा महानगरपालिकासँगको सहकार्यमा हुन लागेको कार्यक्रमको प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय रहेको छ।

अफिसियल रिसोर्टको रुपमा पोखरा लेकसाइडमा रहेको मझेरी रिर्सोट एण्ड स्पा रहेको छ । यसका अलावा राष्ट्रिय खेलकुद परिषद्, साहस स्पोर्ट्स, गण्डकी प्रज्ञा-प्रतिष्ठान, मादी गाउँपालिका, रुपा गाउँपालिका, मुस्ताङ गल्फ कोर्ष, गुरुङ हर्वल व्युटी पार्लर लगायतले सघाउने भएका छन्।

थप सहयोगी व्यक्ति तथा संस्था जोडिने क्रम जारी रहेको मञ्चले जनाएको छ । टेल्जी ब्राण्डको इलेक्ट्रिक स्कुटरको आधिकारिक विक्रेता योमा मा ई मोर्टस् प्रा.लि.ले उक्त अवार्डलाई सहयोग गर्ने भएको छ।

# राष्ट्रिय माविको हीरक महोत्सवमा २९ गते पाँच किमि छात्र/छात्रा सडक दौड आयोजना गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ बैशाख

स्थापनाको ७५ औ वर्ष प्रवेशको अवसरमा हीरक महोत्सव मनाइरहेको पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक विद्यालयले आउदो २९ गते पाँच किलो मिटर छात्र/छात्रा सडक दौड प्रतियोगिता आयोजना गर्ने भएको छ।

गत २० मंसिरमा ७५ वर्षमा पदार्पण गरेको विद्यालयले आउदो २० मंसिर ०८१ सम्मको एक वर्षमा विविध कार्यक्रम गरि हीरक महोत्सव मनाउने घोषणा गरे अनुसार 'राष्ट्रिय मावि हीरक महोत्सव पाँच किलो मिटर छात्र/छात्रा सडक दौड' नाम दिएर प्रतियोगिता आयोजना गर्न लागेको हो।

प्रतियोगितामा कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरुले मात्र भाग लिन पाउने विद्यालयका प्रधानाध्यापक इश्वरीप्रसाद सापकोटाले जानकारी दिए । सहभागिताका लागि विद्यालयको सिफारिस पत्र वा विद्यार्थी परिचय पत्र अनिवार्य रहने छ । दर्ता निशुल्क रहेको प्रतियोगितामा सहभागिताका लागि बैशाख २७ गते ५ बजेसम्म नाम दर्त्ता गर्न सकिने छ । सहभागिहरुले इमेल मार्फत समेत आफनो नाम दर्ता गर्न सक्ने र यस्का लागि इमेल आइडि उयगमभमिष्उद्दण२ ञ्कबषीअक्ष रहेको प्रअ सापकोटाले जानकारी दिए । विद्यालयको खेलमैदान पोखरा १ पुरानो टुँडिखेलबाट सुरु हुने दौड हरिचोक - विन्ध्यवासिनी मन्दिर - बागलुङ बसपार्क - भिमसेन मन्दिर चोक - कोपिलढुङ्गा चोक - ज्ञानभूमि स्कूल चोक - बाल मन्दिर स्कुल चोक - पि.एन. क्याम्पस चोक - भीमकालीपाटन चोक - वडा कार्यालय पोखरा १ - लामपाटन मार्ग - सिम्पानी चोक - हरिचोक हुदै टुँडिखेलमा आएर सम्पन्न हुने प्रचार प्रसार संयोजक नारायण प्रसाद चापागाईले जानकारी दिए । चापागाईका अनुसार छात्र/छात्रा प्रथम, दोस्रो र तेस्रो हुनेहरुले क्रमश सात, पाँच र तीन हजार नगद सगै पदक र प्रमाण पत्र पुरस्कार पाउने छन् । खेलकुद अर्न्तगत दौड पछि विद्यालयले परम्परागत छेलो (ठेलो) प्रतियोगिता (छात्र/छात्रा) सगै जिल्ला स्तरीय भलिबल प्रतियोगिता (छात्र/छात्रा) समेत आयोजना गर्ने तयारि गरेको चापागाईले जानकारी दिए।


## जग्गा बिक्री सम्वन्धी सूचना

**पुतलीबजार नगरपालिका स्थित चण्डीकालिका सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड स्याङ्जाको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित जग्गाहरु बिक्री गर्नुपर्ने भएको हुँदा संस्थाको निर्णय अनुसार न्यूनतम मूल्यमा नघटने गरी बढिबढाई मूल्यमा खरिद गर्न ईच्छुक महानुभावहरुको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।**

**तपसिल:**

| क्र.सं. | जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | न्युनतम मूल्य |
|---|---|---|---|---|
| १ | स्याङ्जा पुतलीबजार ५ | २६०९ | ०-२-२-० | १६,९३,००० (सोह्र लाख त्रियानब्बे हजार) |
| पुतलीबजार नगरपालिका वडा नं. ३ कालिमाटी | | | | |
| १ | करेण्डाँडा ४ | २८३ | १-१३-१-० | ७,९०,००० (सात लाख नब्बे हजार ) |
| २ | करेण्डाँडा ८ | ४०१ | २-१-०-० | |
| ३ | करेण्डाँडा ९ | ४९५ | ०-५-३-३ | |
| ४ | करेण्डाँडा ९ | ४९९ | ०-७-३-० | |
| ५ | करेण्डाँडा ८ | ३९७ | ३-२-०-० | |
| पुतलीबजार नगरपालिका वडा नं. १० लुम्दी र सुम्रेखोला | | | | |
| १ | करेण्डाँडा १ | ३१९ | ०-१-३-२ | १५,२४,००० (पन्ध्र लाख चौविस हजार) |
| २ | करेण्डाँडा १ | ३२४ | ३-७-०-२ | |
| ३ | करेण्डाँडा १ | ३२३ | २-३-०-२ | |
| ४ | करेण्डाँडा १ | ३२७ | १-१२-३-० | |
| पुतलीबजार नगरपालिका वडा नं. १० बरजा | | | | |
| १ | स्याङ्जा पुतलीबजार ९ | १९५४ | ०-०-३-० | १२,००,०००(बाह्र लाख) |
| पुतलीबजार नगरपालिका वडा नं. १ प्रगतीनगर | | | | |

**चण्डीकालिका सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**
**स्याङ्जा, फोन नं. ०६३-४२४०७६**